तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ०९ संख्या: ०३ मितिः २०८२/०२/२६ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको तमानखोला गाउँपालिकाको अधिकार क्षेत्र र तमानखोला गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यावसायलाई व्यवस्थित रुपमा संचालन त्यसको प्रर्वद्धन तथा प्रोत्साहनको लागि साथै कृषि तथा पशुपक्षिं फर्म तथा समुह गठन, दर्ता तथा संञ्चालन गर्न छुट्टै कार्यविधि आवश्यक देखिएकोले तमानखोला गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२/०२/२६ को बैठकले स्थानिय सरकार संचालन ऐन को दफा १०२(२) बमोजिम यो कार्यविधि जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१० यस कार्यविधिको नाम तमानखोला गाउँपालिकाको कृषि तथा पशुपक्षिं फर्म तथा समुह गठन, दर्ता तथा संञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

२) यो कार्यविधि तमानखोला गाउँपालिकाको राजपत्रमा प्रकाशित मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "फर्म" भन्नाले तमान गाउँपालिकाको कृषि विकास तथा पशुपंक्षि सेवा शाखामा दर्ता भएको एकल वा संयुक्त स्वामित्वमा रहेको कृषि तथा पशुपक्षिं फर्मलाई सम्झनु पर्दछ ।

ख) "अध्यक्ष" भन्नाले कृषि तथा पशुपालन समुहको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "समूह" भन्नाले तमानखोला गाउँपालिकाको कृषि विकास तथा पशुपंक्षि सेवा शाखामा दर्ता भएको कृषि तथा पशुपक्षिं फर्मलाई सम्झनु पर्छ ।

घ) "कार्यालय" भन्नाले तमानखोला गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

ङ) "सदस्य" भन्नाले समूहको विधान बमोजिम सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

च) "पदाधिकारी" भन्नाले समुहका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) "कार्यपालिका" भन्नाले तमानखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) "वडा" भन्नाले तमानखोला गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

झ) "वडा अध्यक्ष" भन्नाले फर्म वा समूह रहेको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ञ) "शाखा" भन्नाले कृषि सेवा संग सम्बन्धित भए कृषि विकास शाखा र पशु सेवा संग सम्बन्धित भए पशुपंक्षि सेवा शाखालाई सम्झनु पर्दछ।

**३. कार्यविधिको पालना गर्नुपर्ने:**(१) गाउँपालिका भित्र कृषि तथा पशुपंक्षि व्यावसाय स्थापना र संचालन गर्ने सबै फर्म तथा समूहले यो कार्यविधि पालन गर्नु पर्नेछ ।

**४. कार्यविधिका उदेश्यहरुः**

क। कृषि तथा पशुपक्षिं फर्म तथा समुह गठन दर्ता र संञ्चालन तथा अभिलेखन प्रकृया व्यवस्थित गर्न,

ख। कृषि तथा पशुपालन व्यवसायलाई प्रर्वद्धन गर्न,

ग। कृषि तथा पशुपालन व्यवसायलाई आत्मनिर्भर बनाउन,

घ। कृषक अनुदान वितरण प्रक्रिया व्यवस्थित गर्न

ङ। विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न

च। गाउँपालिकालाई दुध मासु अण्डा तरकारी फलफुल आदी कृषि तथा पशुपंक्षीजन्य पदार्थमा आत्मनिर्भर बनाइ निर्यात गर्न

छ। कृषि पशुपंक्षी व्यवसाय बाट उत्पादित वस्तु तथा उपजहरुको गुणस्तर सुधार उत्पादन लागत कम र कृषकको सिप विकासमा सहयोग पुग्ने ।

ज। कृषि तथा पशु व्यवसायलाइ प्रभावकारी तरिकाले सञ्चालन गर्नका लागि विभिन्न प्रकारका विउ रसायनिक मल कृषि औजार उन्नत पशुनक्ष्ल तथा विभिन्न प्रकारका तालिमहरु समयमा सञ्चालन गर्न ।

## परिच्छेद-२
## फर्म तथा समूह दर्ता प्रक्रिया

**५. निवेदन दिनु पर्ने:** तमानखोला गाउँपालिका भित्र एकल वा संयुक्त स्वामित्वमा फर्म दर्ता गर्न चाहाने व्यक्ति वा समूह दर्ता गर्न चाहने तदर्थ समितिको अध्यक्षले अनुसूची १ बमोजिमको ढाँचामा कार्यविधिको दफा ९ र १० बमोजिमका कागजातहरु सहित तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ ।

**६. स्थलगत अनुगमन गर्नु पर्नेः** दफा ५ बमोजिम निवेदन प्राप्त भएको मितिले ७ दिन भित्र सम्बन्धित शाखाले स्थलगत अनुगमन गरि दफा ८ बमोजिमको मापदण्ड पुरा भएको/नभएको तथा दर्ता गर्न सिफारीस गरिएको वा नगरिएको व्यहोरा खुलाई अनुसूचि २ को ढाँचामा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

**७. दर्ता गरि प्रमाणपत्र दिनुपर्नेः**

१. दफा ६ बमोजिमको समितिले स्थलगत अनुगमनबाट दफा ८(२) बमोजिमको मापदण्ड पूरा भएको र दर्ताको लागि सिफारीस गरेमा त्यस्तो प्रतिवेदन प्राप्त भएको ३ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो फर्म वा समूह दर्ता गरि अनुसूची ३ ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्ने छ ।

२. दफा ६ बमोजिमको समितले स्थलगत अनुगमनबाट दफा ८(२) बमोजिमको मापदण्ड पूरा नभएको र दर्ताको लागि सिफारीस नगरेमा त्यस्तो प्रतिवेदन प्राप्त भएको ३ दिन भित्र शाखाले सोको जानकारी निवेदकलाई दिनु पर्ने छ ।

**८. फर्म तथा समूह दर्ताको लागि आवश्यक मापदण्डः**

**१. फर्मको प्रकारः** यस कार्यविधि बमोजिम दर्ता भएका फर्महरु लाई साना व्यवसायिक फर्म, मझौला व्यवसायिक फर्म र ठुला व्यवसायिक फर्म गरि ३ प्रकारमा विभाजन गरिने छ । त्यस्तो प्रकार तथा उदेश्य प्रमाण पत्रमा उल्लेख गर्नु पर्नेछ ।

**२. फर्मको प्रकृति तथा मापदण्डः** फर्मको प्रकृति तथा मापदण्ड अनुसूची ४ बमोजिम हुनेछ ।

**३. समूहको प्रकृति र मापदण्डः** क समूहको मापदण्ड अनुसूची ४ बमोजीम हुनेछ र मापदण्ड अनुसूची ४ मा भएको ठुल्ला व्यावसायिक फर्मको मापदण्डको ५ गुणा हुने छ ।

ख समूहमा न्यूनतम ९ जना सदस्यहरु हुनु पर्ने छ । समूहमा १ अध्यक्ष, १ उपाध्यक्ष, १ सचिव र १ कोषाध्यक्ष सहित कम्तिमा ४ जना र बढीमा ७ जना पदाधिकारी रहेछन ।

## परिच्छेद - ३
## दर्ताको लागि आवश्यक कागजातहरु

**९. फर्म दर्ताको लागि आवश्यक कागजातहरुः** फर्म दर्ताको लागि दफा ५ बमोजिमको निवेदन पेश गर्दा निम्न बमोजिमका कागजातहरु आवश्यक पर्नेछन्

१। अनुसूची १ बमोजिमको निवदेन

२। वडा कार्यालयको सिफारीस

३। तोकिए बमोजिमको दस्तुर तिरेको रसिद

४। उक्त स्थानमा व्यावसाय गर्दा समुदायमा असर नपर्ने भनि तयार गरिएको वडा मुचुल्का

५। जग्गाको स्वामित्व खुल्ने लालपूर्जा वा मञजुरी नामा

६। जग्गा भाडामा लिने भएका भाडा सम्झौता । उक्त सम्झौता फलफुलको लागि न्यूनतम १० वर्ष र अन्यको लागि न्यूनतम ५ वर्षको हुनुपर्ने छ ।

७। व्यावसायिक योजना

८। सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

**१०. समूह दर्ताको लागि आवश्यक कागजातहरुः** समूह दर्ताको लागि दफा ९ बमोजिमका सबै कागजातहरुको साथै थप निम्न कागजातहरु आवश्यक पर्नेछन्

१. अनुसूची ५ बमोजिमको ढाचाँको समूहको विधान

२. समुह दर्ता गर्ने समूहको निवेदन

## परिच्छेद- ४

## नविकरण

**११. नविकरण गर्नपर्नेः** १ दफा ७ बमोजिम दर्ता भएका फर्म तथा समूहहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र उपदफा २ बमोजिमका कागजातहरु सहित अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ ।

२ नविकरणको लागि निम्नानुसारका कागजात आवश्यक पर्नेछन्

क. रु. ५ लाख भन्दा कम बार्षिक कारोबार गर्ने फर्म तथा समूहको हकमा बार्षिक प्रतिवेदन र अन्यको हकमा लेखापरिक्षण प्रतिवेदन,

ख. उपदफा क मा जेसुकै कुरा लेखिएको भएतापनि ठुला व्यावसायिक फर्मले अनिवार्य रुपमा लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ,

ग. तोकिए बमोजिमको नविकरण दस्तुर,

घ. कर चुक्ता प्रमाणपत्र (VAT, PAN) मा दर्ता भएको भए,

ङ. जग्गा भाडा सम्झौताको म्याद समाप्त भएको भए पुन सम्झौता गरि म्याद थप गरिएको हुनु पर्ने वा अन्य जग्गामा सम्झौता गरिकएको हुनु पर्ने ।

## परिच्छेद- ५

**१२. इजाजत खारेजी हुने : (**१) निम्न अवस्थामा दफा ७ बमोजिम दर्ता भएका फर्म तथा समूहको खारेजी हुनेछ।

क. दफा १५(२) बमोजिम फर्म तथा समूह स्वेच्छिक रुपमा बन्द भएमा,

ख. लगातार ३ वर्ष सम्म दफा ११ बमोजिम नविकरण नभएमा,

ग. संघीय सरकार, प्रदेश सरकार र तमानखोला गाउँपालिकाबाट प्राप्त अनुदान हिनामिना गरेमा,

घ. समुहको हकमा विधान बमोजिम समुह बन्द गर्ने निर्णय भई दफा १५(२) बमोजिम समुह स्वेच्छिक रुपमा बन्द भएमा,

ङ. टाट पल्टिएको भनि अदालतबाट प्रमाणित भएमा

## परिच्छेद - ६

## विविध

**१३. गाउँपालिकामा मात्र हुनेः**

१। दफा ७ बमोजिम कृषि तथा पशुपंक्षि फर्म तथा समूह दर्ता तमानखोला गाउँपालिकामा मात्र हुनेछन ।

२। यस अघि वडा बाट दर्ता भएका फर्महरुले वडावाट जारी भएको सक्कल प्रमाण पत्र पालिकामा पेश गर्न पर्ने छ । पालिकाले उक्त प्रमाणपत्र खिचि प्रतिलिपि जारी गर्न सक्नेछ।

**१४. यसै कार्यविधि बमोजिम भएको मानिनेः** तमानखोला गाउँपालिकाको स्थापना पश्चात यस तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयमा दर्ता भएका कृषि फर्म तथा कृषि तथा पशुपंक्षी समूह यस कार्यविधि बमोजिम भएको मानिने छ ।

**१५. विविधः**

१. यो कार्यविधि कार्यपालिकाको बैठकले आवश्यकता बमोजिम संशोधन गर्न तथा खारेज सक्नेछ ।

२. कुनै कारणवश उक्त व्यवसाय छोडेमा लगत कट्टा गर्नको निमित्त तुरुन्त तमानखोला गाउँपालिकामा दरखास्त दिनुपर्नेछ ।

३. यो कार्यविधि लागु भएको मिति भन्दा पहिला वडा कार्यालयमा दर्ता भएका फर्म तथा समूह दर्ताको अभिलेख वडा कार्यालयबाट प्राप्त गरि शाखाले अनुसूची ६ बमोजिम अभिलेख राखिने छ।

४. यो कार्यविधि लागु भए पश्चात दर्ता हुने फर्म तथा समूह दर्ताको अभिलेख शाखाले अनुसूची ७ बमोजिम अभिलेख राख्नु पर्नेछ ।

## अनुसूची १ (क)
## कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा संञ्चालन कार्यविधि २०८२
## (कार्यविधिको दफा ५ संग सम्बन्धित)
## तमानखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## फर्म दर्ता आवेदन ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः
तमानखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
बोंगादोभान, बागलुङ ।

विषयः फर्म दर्ता गरि पाउँ ।

महोदय,
उपर्युक्त विषयमा यस तमानखोला गाउँपालिका वडा नं. ........... निवासि म/हामी..................... ले तमानखोला गाउँपालिका...................वडा .................................................... नामको कृषि तथा पशुपंक्षि फर्म दर्ता गर्न इच्छुक भएको हुदा तमानखोला गाउँपालिकाको कृषि तथा पशुपक्षिं फर्म तथा समुह गठन, दर्ता तथा संञ्चालन कार्यविधि, २०८२ को दफा ९ बमोजिमका कागजातहरु संलग्न गरी फर्म दर्ताको लागि निवेदन पेश गरेको छु ।

निवेदक
...........................................
संचालक
............................फर्म
तमानखोला गाउँपालिका.......बागलुङ।

## अनुसूची १ ख
## कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि २०८२
## (कार्यविधिको दफा ५ संग सम्बन्धित)
## तमानखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## समूह दर्ता आवेदन ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मितिः
तमानखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ ।

विषयः समूह दर्ता गरि पाउँ ।

महोदय,

उपयुक्त विषयमा यस तमानखोला गाउँपालिका वडा नं. ...........वडामा रहेको ........................................................................ नामको कषि तथा पशुपंक्षि समूह दर्ता गर्न तदर्थ समितिको मिति............. को निर्णय बमोजिम तमानखोला गाउँपालिकाको कृषि तथा पशुपक्षिं फर्म तथा समुह गठन, दर्ता तथा सञ्चालन कार्यविधि, २०८२ को दफा ९ र १० बमोजिमका कागजातहरु संलग्न गरि फर्म दर्ताको लागि निवेदन पेश गरेको छु ।

समूहको विवरणः

१. समूहको नामः
२. ठेगाना
३. स्थापना वर्षः
४. उदेश्यः
५. सदस्य संख्याः क. पुरुषः ख. महिलाः ग. अन्यः
६. पदाधिकारीको विवरण

| क.स. | नाम थर | पद | शौक्षिक योग्यता | जग्गाको क्षेत्रफल | उमेर | दस्तखत | कै |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

..........................................
अध्यक्ष
.............................समूह,
तमानखोला गाउँपालिका....... बागलुङ ।

# अनुसूची २

## कृषि तथा पशुपक्षिं फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि २०८२

**(कार्यविधिको दफा ६ संग सम्बन्धित)**

## तमानखोला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## स्थलगत अनुगमन प्रतिवेदन

अनुगमन गरिएको फर्म/ समूहः

अनुगमन गरिकएको मितिः फर्मको उदेश्यः

| क्र. स. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा पशु धन<br>क.<br>ख.<br>ग.<br>घ.<br>ङ | | |
| २ | भौतिक पूर्वाधार<br>क.<br>ख.<br>ग.<br>घ. | | |
| ३. | अन्य आवश्यक विषयहरु<br>क.<br>ख.<br>ग.<br>घ.<br>ङ. | | |
| ४ | विविध<br>क.<br>ख.<br>ग.<br>घ. | | |

क तोकिएको मापदण्ड पूरा भएको हुदा दर्ताको लागि सिफारिस गरिन्छ ।

ख तोकिएको मापदण्ड पूरा नभएको हुँदा दर्ताको लागि सिफारीस गरिदैन ।

अनुगमन समितिको दस्तखत

संयोजक सदस्य सदस्य

सचिव

**अनुसूची ३ क**

**कृषि तथा पशुपक्षिं फर्म तथा समूह गठन, दर्ता तथा संञ्चालन कार्यविधि २०८२**

**(कार्यविधिको दफा ७(१) संग सम्बन्धित)**

**दर्ता प्रमाण पत्रको ढाँचा**

**तमानखोला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बोंगादोभान, बागलुङ**

**कृषि तथा पशुपंक्षि फर्म दर्ता प्रमाण पत्र**

| फोटो |
|---|

इजाजत नं. मितिः

१. फर्म संचालकको

क. नाम थर

ख. स्थायी ठेगानाः

२. फर्मको नामः

३. फर्मको किसिमः

४. फर्मको प्रकृतिः

५. व्यावसाय रहेको ठेगाना

७. नामसारी भएमाः

लिनेको नाम थर

ठेगानाः

दस्ताखत :

दिनेको नामथर

ठेगाना

दस्तखतः

इजाजत दिनेको

दस्तखतः

नाम थरः

पदः

पुनश्चः

क. यो प्रमाण पत्र प्रत्येक आ. व. समाप्त भएको ३ महिना भित्र नविकरण गर्नुपर्नेछ ।

ख. उक्त म्याद भित्र नविकरण नभएमा तोकिए बमोजिमको जरिवाना लाग्ने छ ।

ग. कुनै कारणवश उक्त व्यावसाय छोडेमा लगत कट्टा गर्नको निमित्त तुरुन्त तमानखोला गाउँपालिकामा दरखास्त दिनु पर्नेछ । अन्यथा पालिकाको नियमानुसार कर तथा जरिवाना असुल उपर गरिनेछ।

| मिति | नविकरण | | नविकरण शुल्क | रसिद नं | नविकरण गर्नेको दस्ताखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ३ ख

कृषि तथा पशुपक्षिं फर्म तथा समूह गठन, दर्ता तथा संञ्चालन कार्यविधि २०८२
(कार्यविधिको दफा ७(१) संग सम्बन्धित)
**दर्ता प्रमाणपत्रको ढाँचा**
**तमानखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**बोंगादोभान, बागलुङ**
**कृषि तथा पशुपक्षिं समूह दर्ता प्रमाण पत्र**

छाप

दर्ता नं. मितिः

१। समूहको

क। नामः

ख। स्थायि ठेगानाः

२। समूहको अध्यक्षको नामः

३। समूहको प्रकृतिः

४। समूह रहेको ठेगाना

इजाजत दिनेको

दस्तखतः

नाम थरः

पदः

पुनश्चः

क. यो प्रमाण पत्र प्रत्येक आ. व. समाप्त भएको ३ महिना भित्र नविकरण गर्नुपर्नेछ ।

ख. उक्त म्याद भित्र नविकरण नभएमा तोकिए बमोजिमको जरिवाना लाग्ने छ ।

ग. कुनै कारणवश उक्त व्यावसाय छोडेमा लगत कट्टा गर्नको निमित्त तुरुन्त तमानखोला गाउँपालिकामा दरखास्त दिनु पर्नेछ । अन्यथा पालिकाको नियमानुसार कर तथा जरिवाना असुल उपर गरिनेछ ।

| मिति | नविकरण | | नविकरण शुल्क | रसिद नं | नविकरण गर्नेको दस्ताखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ४

## कृषि तथा पशुपक्षिं फर्म तथा समूह गठन, दर्ता तथा संञ्चालन कार्यविधि २०८२

## (कार्यविधिको दफा ८ (२) संग सम्बन्धित)

## तमानखोला गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## फर्मको प्रकृति तथा मापदण्ड

| क्र. स. | फर्मको प्रकृति | परिमाण | | | |
|---|---|---|---|---|---|
| | | साना व्यावसायिक फर्म | मझौला व्यावसायिक फर्म | ठुला व्यावसायिक फर्म | कैफियत |
| १ | भौसी/ गाई पालन | ३ देखी १० वटा सम्म | ११ देखी २० वटा सम्म | २० वटा भन्दा बढी | माउ |
| २ | बंगुर पालन (बच्चा उत्पादन) | ३ देखी १० वटा | ११ देखी २० वटा | २० वटा भन्दा बढी | माउ |
| ३ | बंगुर पालन मासु उत्पादन | ५ देखी १० वटा | ११ देखी २५ वटा | २५ वटा भन्दा बढी | माउ |
| ४ | बाख्रा पालन | १० देखी २० वटा सम्म | २१ देखी ५० वटा सम्म | २० वटा भन्दा बढी | माउ |
| ५ | कुखुरा पालन लोकल | ५० देखी १०० वटा सम्म | १०१ देखी २०० वटा सम्म | २०० वटा भन्दा बढी | |
| ६ | कुखुरा पालन लेयर्स | १०० देखी २०० वटा सम्म | २०१ देखी ४०० वटा सम्म | ४०० वटा भन्दा बढी | |
| ७ | कुखुरा पालन वोइलर | २०० देखी ५०० वटा सम्म | ५०० देखी १००० वटा सम्म | १००० वटा भन्दा बढी | |
| ८ | हाँस तथा अन्य पक्षिं पालन | ५० देखी १००वटा सम्म | १०१ देखी २०० वटा सम्म | २०० वटा भन्दा बढी | |
| ९ | माछा पालन | २०० देखी ४०० वर्ग मिटर सम्म | ४०१ देखी १००० वर्ग मिटर सम्म | १००० वर्ग मिटर भन्दा बढी | पोखरीको गहिराई कम्तिमा ३ फिट |
| १० | तरकारी | २ देखी १० रोपनी सम्म | १० देखी २० रोपनी सम्म | २० रोपनी भन्दा बढी | |
| ११ | फलफुल | ३ देखी १० रोपनी सम्म | ११ देखी २५ रोपनी सम्म | २५ रोपनी भन्दा बढी | |
| १२ | कफि | ३ देखी १० रोपनी | ११ देखी २५ रोपनी | २५ रोपनी भन्दा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्म | बढी | |
| १३ | मसलाबालि | ३ देखी ८ रोपनी सम्म | ९ देखी २० रोपनी सम्म | २१ रोपनी भन्दा बढी | |
| १४ | अन्य नगदे वाली | ५ देखी १० रोपनी सम्म | ११ देखी २५ रोपनी सम्म | २६ रोपनी भन्दा बढी | |
| १५ | खरायो पालन | २० देखी ९९ रोपनी सम्म | १०० देखी २९९ सम्म | ३०० भन्दा वढी | |

**अनुसूची ५**

**कृषि तथा पशुपक्षिं फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि २०८२**

**(कार्यविधिको दफा ८ (२) संग सम्बन्धित)**

**तमानखोला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**समूहको विधानको ढाँचा**

................................ कृषक समूहको विधान २०८...

आर्थिक वर्षः..................

# कृषक समूहको विधान

**प्रस्तावना**

नेपाल सरकारको सहकारिता नीति अनुरूप स्थानीय कृषकहरूको आर्थिक, सामाजिक तथा उद्यमशील विकासका लागि "........................................................." गठन गरिएको हो । यो समूहले साझा प्रयासद्वारा कृषि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, तालिम तथा सीप विकास कार्यहरूलाई अगाडि बढाउने उद्देश्य राख्दछ । यहाँका अधिकाशं नेपालीहरु कृषि पेशामा आत्मनिर्भर रहेता पनि परम्परागत सोचाई सुधारबिना कृषि क्षेत्र अझै जटिल बन्दै गइरहेको छ । राष्ट्रको मुख्य मेरुदण्ड कृषि हो । त्यसैले समाजमा रहेको गरिवी र बेरोजगारीतालाई हटाउनुका साथै कृषि पेशालाई आधुनिक मर्यादित र कृषकहरुलाई आत्मनिर्भर बनाउन आधुनिक कृषि प्रणाली अपनाउन जरुरी देखिन्छ । त्यसैले देश विदेशका विभिन्न कृषि सम्बन्धी कार्यगर्ने संघ संस्थासँग सम्बन्ध कायम गर्दै गाउँगाउँमा कृषि सम्वन्धी जनचेतना फैलाउन र कृषिमा भरपर्ने कृषहहरुलाई कृषि पेशामा आत्मनिर्भर गराउनका लागि यस तमानखोला गाउँपालिका वडा नं. ....... .........................का जागरुक कृषकहरुको सक्रियतामा श्री ........................................................................................................ कृषक समूह गठन गर्यौं ।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस समूहको नाम “श्री ..................................................... कृषक समूह—२०८....” रहने छ ।

ख) यो विधान तमानखोला गाउँपालिकामा दर्ता भएपछि तुरुन्त लागु हुने छ ।

**१.२ परिभाषाः** विषय र प्रसंगको अर्को अर्थ नलागेमा यो विधानमा

क) “समूह” भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आय—आर्जन गर्न इच्छुक कृषकहरुको समूहलाई जनाउने छ ।

ख) “सदस्य” भन्नाले कृषक जो .................................................कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग) “कार्य समिति” भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

घ) साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउने छ ।

**१.३. समूहको छापः** गोलोघेरा भित्र यस समूहको नाम “श्री .................................................. कृषक समूह—२०८....” पढ्न सकिनेछ ।

**१.४. समूहको कार्यालयः** यस समूहको कार्यालय बागलुङ जिल्ला तमानखोला गाउँपालिका वडा नं. ............... मा रहनेछ ।

**१.५ समूहको दर्ताः** कृषक समूह तमानखोला गाउँपालिका दर्ता गर्नु पर्नेछ । साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थाई लेखा नम्बर PAN No. लिनु पर्नेछ ।

## २. उद्देश्य र कार्य

**२.१ उद्देश्यः** सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक, हितलाई ध्यान राखि देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछः

क० कृषि व्यवसायलाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादकत्व, उत्पादन वृद्धिका लागि एकजुट भई काम गर्ने ।

ख० सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

ग० सदस्यहरुमा स्वालम्बनको ज्ञान, पारस्पारिक सहयोग र मितव्ययिताको भावनाशील गर्ने । समूहको विधानको दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिम कार्यहरु गर्नेछ।

१० उन्नत प्रविधिबाट खेति गरी उत्पादन एवम् उत्पादकत्व बढाउने ,

२० विज वृद्धि गरी आत्मनिर्भर हुने ,

३० उन्नत प्रविधि अपनाउने

४० कृषि उत्पादनबाट आय वृद्धि गर्ने ,

५० समूहबाट बजार व्यवस्थापन गर्ने,

६० कृषकद्वारा उत्पादित बस्तुको मूल्यमा एक रुपता ल्याउने,

७० भण्डारणको व्यवस्था,

८० सदस्यको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी संचालित गर्ने,

९० सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने, किसिमका अन्य क्रियाकलाप संचालन गर्ने, सदस्यहरु बीच स्वालम्बन, पारस्परिक सहयोग एवमा मितव्ययिता अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्धन गर्ने,

१०० समूह सदस्यहरुमा उत्पादनशील आयमूलक एवं सीपमूलक उद्देश्यका लागि सदस्यहरुलाई सुलभ व्याजदरमा ऋण प्रदान गर्ने,

११० आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय क्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने,

१२० कृषिसँग सम्बन्धित कृषि सञ्जाल, अन्य कृषक समूह, सहकारी, वित्तीय संघ—संस्था सम्पर्क कायम गरी जानकारी एवम सूचना आदान—प्रदान गर्ने,

१३० यस क्षेत्र/भेगको कृषकहरुद्वारा उठाइएको समस्याहरु कृषि तथा पशुपक्षिं शाखा, कृषि ज्ञान केन्द्र, अनुसन्धान कार्यालय तथा अन्य निकायहरुलाई सम्पर्क जानकारी उपलब्ध गराई समाधान निकाल्ने प्रयास गर्ने ।

१४० उन्नत वीउ, प्राङ्गारिक तथा रासायनिक मल, सुधारिएको औजार, रोग—कीरा नियन्त्रण सामाग्री आदि बिक्री वितरण गर्ने ।

१५० सिचांई सुविधा उपलब्ध गराउने ।

१६० खेति विकास योजा तयार गर्न एवं पकेट प्याकेज कार्यक्रमलाई सहयोग पुऱ्याउने ।

१७० सघन कृषि विकास कार्यक्रमलाइ सघाउ पुऱ्याउने ।

१८० नगदे बाली उत्पादन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण व्यवस्था गर्ने ।

१९० उन्नत भुरा उत्पादन तथा बिक्री वितरण गर्ने ।

२०० माछा उत्पादन एवं उत्पादकत्व बढाउने ।

२१० उत्पादित माछाहरुको बिक्री वितरणको लागि बजार व्यवस्था गर्ने ।

२२० मत्स्यपालन सम्बन्धि प्राविधिक सेवा पुऱ्याउन सहयोग गर्ने ।

२३० कृषि उपज उचित मूल्यमा खरिद बिक्री तथा ढुवानी गर्ने ।

२४० कृषि उपज भण्डारण गर्न गोदामको सुविधा उपलब्ध गराउने ।

२५० कृषि उपज प्रशोधन गर्ने । प्रशोधन गरिएको बस्तु उचित मूल्यमा बिक्री गर्ने ।

२६० श्रोत/हितकोष संकलन गर्ने ।

२७० सकंलित बचत/हितकोषको प्रभावकारी परिचालन गर्ने ।

२८० समूह वा सदस्यलाई आवश्यक ऋण उपलब्ध गराउने ।

२९० माथि उल्लेखित उद्देश्यहरु पुर्ति गर्न अन्य कार्यहरु गर्ने ।

**३. सदस्यताः** एकै उद्देश्य एवं समान आर्थिक अवस्था भएको एवं यस समूहको विधानको परिधि भित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले कम्तिमा समूहका सदस्यहरुको लिखित सिफारिस साथ अनुसुचि— ४ अनुसार दरखास्त दिनु पर्नेछ ।

### ३.१ सदस्यको लागि योग्यताः

क) आफै खेतीपाती गरेको/गर्न सक्षम भएको ।

ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको ।

घ) कृषक—कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

ङ) सदस्यताको लागि १६ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

### ३.२ साधारण सदस्यः

सदस्यता शुल्क रु. ..................................... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समिति निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले मासिक बचत रु. ...................................... प्रत्येक महिना जम्मा गर्नु पर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त

मितिसम्म संचित हितकोष र सोको ब्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

**३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता) :** कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहयाई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकमहरु ३ महिनासम्म नतिरेमा ।

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा ।

ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा)

घ) अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा ।

ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।

च) मृत्यु भएमा ।

छ) समूहको सिद्धान्त वा नियमा वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा ।

ज)........................................................................................................................

..........................................................................................................

झ)........................................................................................................................

..........................................................................................................................

.........................

**४. साधारण सभा तथा कार्य समितिः**

**४.१ साधारण सभाः** यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुने छ जुन समूहको उच्चतम् निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा एकपटक बस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ।

**४.२ साधारण सभाको अधिवेशन** कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

**४.३ साधारण सभाको काम कर्तव्य र अधिकारः**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।

च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

छ)......................................................................................................................
......................................................................................................................

**४.४ साधारण सभाको गणपूरक संख्याः** समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । यदि सो नभए फेरि ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कूल साधारण सदस्यको २५ प्रतिशत उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**४.५ कार्य समिति गठन विधिः** क) कार्य समिति ७ सदस्यीय हुनेछ ।

ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु हुने छन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सह–सचिवको पनि व्यवस्था गर्न सकिने छ ।

ग) कार्य समितिका पदाधिकारीहरुको बैठक हरेक महिनाको ..........................................................गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली मएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको कोरम २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्वारा हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचन प्रकृयाद्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

ज)......................................................................................................................
......................................................................................................................

झ)......................................................................................................................
......................................................................................................................

**४.६ कार्य समितिको काम, कर्तव्य र अधिकारः**

क) विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालन गर्ने ।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने ।

ग) सहकारी तथा गैर सहकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने, कृषि सम्बन्धि अन्य सघं संस्थाहरुसँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) सहकारीमा जाने प्रयास गर्ने ।

ङ) समूहको कार्ययोजना बनाई लागू गर्ने ।

च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

छ)......................................................................................................................
......................................................................................................................

**४.७ समूहको बैठक :**

समूहको नियमित बैठक प्रत्येक महिनाको ................................. गते बस्ने छ । समूह बैठकहरु कार्य समितिले निधो गरेको ठाउँ मिति र समयमा नियमित रुपमा बस्ने छ । पूर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्छ । विशेष परिस्थिति बाहेक लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह सहमतिको आधारमा निष्काशित गरिनेछ ।

**५. पदाधिकारीको काम, कर्तव्य र अधिकारः**

**५.१ अध्यक्षको काम कर्तव्य अधिकारः**

- आवश्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई क्रियाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने।
- समूहले तोकेको काम कारबाही गर्ने ।
- समूहमा उठेका विवादहरु समाधान गर्ने ।
- समूह र स्थानीय तहको सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूहको निर्णय, कार्यक्रम र कृयाकलाप, भएका कारवाहीहरु एवं समस्याहरुको अभिलेख राख्न सचिवलाई सहजिकरण गर्ने।
- वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।
- समूह बैठकमा भएका निर्णय, वार्षिक साधारण समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।
- समूह सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु र साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
- सदस्यहरुलाई क्रियाशील गराई समन्वय र सहकार्य गर्ने ।
- समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

**५.२ उपाध्यक्षको काम कर्तव्य अधिकारः**

क. अध्यक्षको कार्यमा सहयोग गर्ने ।

ख. अध्यक्षको अनुपस्थितिमा अध्यक्ष गर्ने सबै कार्य गर्ने ।

ग. कार्य समितिले तोकेको कार्य गर्ने ।

**५.३ सचिवको काम कर्तव्य अधिकारः**

क. अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने ।

ख. बैठकको तयारी गर्ने ।

ग. समूहको निर्णय पुस्तिका तयार गर्ने ।

घ. समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।

ङ. समूह बैठक एवं साधारणसभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।

च. वार्षिक प्रतिवेदन तयार पारी साधारणसभामा पेश गर्ने ।

छ. समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।

ज. कार्य समितिले तोकेको कार्य गर्ने ।

**५.४ कोषाध्यक्षको काम कर्तव्य अधिकारः**

- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूह हितकोष ब्यवस्थापन गर्ने।
- समूहको सबै कोषको हिसाब किताब सुरक्षित र दुरुस्त राख्ने ।
- समूहको चल, अचल सम्पूर्ण सम्पत्तिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूहको वार्षिक बजेट तयार पार्ने र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरीक्षण गराउने ।
- समूह अध्यक्ष वा सचिवसँग मिली खाता सञ्चालन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**५.५ कार्य समिति सदस्यहरुको काम कर्तव्य र अधिकारः**

- आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रही जिम्मेवारी बहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**६. आर्थिक व्यवस्थाः**

**६.१ आर्थिक श्रोतः**

क) यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क

ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम

घ) समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज

ङ) समूहले अन्य संघ–संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ................................................... प्रतिशत लेबी

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

ज) बिलम्व शुल्कबाट

झ)........................................................................................................

**६.२ हितकोष**

क) श्री ........................................................................................... कृषक समूहको एक हितकोष हुने छ ।

ख) श्री ........................................................................................... बैकमा समूहको खाता रहने छ ।

**६.३ हितकोष परिचालनः**

क) हितकोष रकमको कम्तीमा ५० प्रतिशत कृषि कार्यमा संचालन गर्नु पर्नेछ ।

ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सक्ने छन् ।

ग) सदस्यले ऋण माग गर्न अनुसूची—५ अनुसार निवेदन दिनुपर्ने छ ।

घ) कृषि कार्यको लागि लिइएको ऋणमा ........................................................ प्रतिशत मासिक ब्याज लाग्ने छ ।

ङ) अन्य ऋणमा ..................................................... प्रतिशत मासिक ब्याज लाग्ने छ ।

च) मासिक ब्याज, मासिक बचत रकम एवम ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।

छ) ऋण लिँदा ऋण रकमका ...................................................... प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज) ......................................................................................... बैंकमा समूह अगुवा/अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । श्रोत र हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ ।

**क) आवश्यक खर्च :** आवश्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ ।

- कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च ढुवानी तथा घर भाडा   अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च र लेखापरीक्षण खर्च
- कर्मचारी पारिश्रमिक खर्च र साधारण सभा खर्च
- विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तरिक लगानीः**

- आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ जस्तैः उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामग्री खरिद विक्री)
  - मल, बीउ, बाली संरक्षण, तरकारी बोट बिरुवा किन्न र प्रयोग गर्न
  - आयमुलक कार्य गर्न (बाख्रा, बंगुरपालन आदि)।
  - घरेलु आयमुलक कार्य गर्ने (स्थानीय सीप, रेशमपालन, सिलाईबुनाई, माहुरीपालन, तरकारी खेती, करेसाबारी आदि)
  - सामाजिक कार्य जस्तै सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, वातावरण संरक्षण आदि) त्र सीप विकास जस्तै प्याकिङ्ग, नर्सरी, तालिम
  - बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण गोष्ठी आदि
  - सामाजिक कार्य जस्तै महिला विकास त्र पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

**६.४ बिलम्ब शुल्कः**

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु.......................................बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोश्रो महिना प्रति दिन रु..............................................बिलम्ब शुल्क लाग्ने छ ।

ग) तेश्रो महिना प्रति दिन रु..................................................

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र ब्याज नबुझाएमा प्रति महिना रु..........................................प्रति दिन दोश्रो महिना रु..................................प्रति दिन र तेश्रो दिन रु...........................प्रति दिन बिलम्ब शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम ब्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणी सदस्यले ऋण तिरी सके पछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।

ज) ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनको लागि ........................सम्म एक सदस्यको जमानी रु.................................सम्म दुई सदस्य र रु................................सम्म तिन सदस्यको जमानी चाहिनेछ ।

### ६.५ लगानीको सुरक्षण

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९० प्रतिशत सम्म मात्र ऋण लिन पाउने छ । यदि व्यक्तिको नाममा संकलित हितकोषको ९० प्रतिशत भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ । ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र ब्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुलउपर गरिनेछ । यदि जमानी मार्फत पनि असुलउपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारबाही प्रक्रिया अगाडि बढाईनेछ । ऋण लगानी एवम् असुलउपर गर्न ऋण उप–समितिको स्वीकृति लिनुपर्ने छ । ऋण उप–समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

### ६.६ लेखापरीक्षणः

प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखापरीक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखा परीक्षणहरु वार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखापरीक्षण पछि निजहरुको हिसाब खातामा जम्मा गर्नु पर्दछ ।

## ७. विविध

**७.१ निर्वाचन सम्बन्धि व्यवस्थाः** यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

## ७.२ पदावधि

क। कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मितिदेखि २ वर्षको हुने छ ।

ख। सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग। कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

घ। कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिनु पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्ने छ ।

## ७.३ उम्मेदवारको अयोग्यताः

क) (व्यक्ति) जो कृषि पेशामा संलग्न छैन ।

ख) (व्यक्ति) जो कृषिको समूहमा छैन ।

ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरित कार्य गर्दछ ।

घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

ङ) फौजदारी अभियोगमा सँजाए पाएको व्यक्ति ।

## ७.४ अविश्वासको प्रस्तावः

साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

## ७.५ राजीनामाः

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन । कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनीहरु आफ्ना पदमा बहाली रही रहनेछन ।

## ७.६ विधान संशोधनः

समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थिति सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संसोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने

छ । साथै संशोधित विधान तमानखोला गाउँपालिका बाट अनुमोदित नभएसम्म संसोधन भएको मानिनेछैन ।

**७.७ नियम बनाउनेः**

साधारण सभाले आन्तरिक संचालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप—समितिहरु गठन गर्न सक्नेछः**

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्त गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**७.९ विघटनः**

समूहको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा ३ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ । यसरी समूह विघटन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/सदस्यको मृत्य/सदस्यले पाएको अवसरः**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३५ प्रतिशत कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ—संस्था/कार्यालयबाट पाएको कुनैपनि अवसर साम्रगीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**७.११ समूहको चल अचल सम्पत्ति**

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्ति तमानखोला गाउँपालिकाको कृषि विकास तथा पशुपंक्षि सेवा शाखाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा तमानखोला गाउँपालकाको को उपाध्यक्ष समक्ष निवेदन गर्न सकिनेछ र सो सन्दर्भमा उपाध्यक्षको निर्णय नै अन्तिम हुनेछ ।

# <u>सदस्यता निवेदन</u>

श्रीमान् अध्यक्षज्यू, ....      ........      .........      .............. कृषक समूह

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्न हुन विनम्र अनुरोध गर्दछु ।

क० विवरण नामः

ख० बावुको नामः

ग० ठेगानाः

घ० शैक्षिक योग्यताः

ङ० कृषि पेशामा दखलः

च० खेति/जग्गाको विवरणः

छ० लगाउने गरेको बालीहरुः

ज० समूहको सदस्यताको सिफारिसः

१) नामः                                        दस्तखतः

२) नामः                                        दस्तखत

निवेदक

नामः ........................................................................दस्तखतः

## अनुसूची ६

## कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा संञ्चालन कार्यविधि २०८२

(कार्यविधिको दफा १५ (३) संग सम्बन्धित)

तमानखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प्रतिलिपि अभिलेख

| क्र.स. | फर्म/ समूहको नाम | ठेगाना | सदस्य संख्या म. पू. जम्माः | प्रमाणपत्र जारी गर्ने कार्यालय | दस्तखत गर्ने पदाधिकारी कमर्चारीको नाम | दस्तखत गर्ने पदाधिकारी कमर्चारीको पद | जारी मिति | प्रतिलिपि जारी गर्ने कमर्चारीको नाम | दस्तखत | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

## अनुसूची ७

## कृषि तथा पशुपंक्षि फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि २०८२

(कार्यविधिको दफा १५ (४) संग सम्बन्धित)

तमानखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

दर्ता अभिलेख

| क्र.स. | फर्म/ समूहको नाम | दर्ता नं | आर्थिक वर्ष | ठेगाना | सदस्य संख्या म. पू. जम्माः | दस्तखत गर्ने पदाधिकारी कमर्चारीको पद | जारी मिति | प्रतिलिपि जारी गर्ने कमर्चारीको नाम | दस्तखत | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

| |
|---|
| आज्ञाले,<br>अमित पीरयार<br>प्रमुख प्रशासकीय अधिकृत |